गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

# जिल्ला सुरक्षा समिति प्यूठान

## खलंगा, प्यूठान

## चाडपर्व लक्षित विशेष सुरक्षा योजना

## २०८२

जिल्ला सुरक्षा समिति, प्यूठानका पदाधिकारीहरुः

अध्यक्षः दिपक राज नेपाल

सदस्यः महेश बाबु कार्की

सदस्यः दिपेश बस्याल

सदस्यःसुमन शर्मा

सदस्यः सन्तोष बस्नेत

सदस-सचिवः लक्ष्मीदेवी शर्मा

**पृष्ठभूमी**

नेपालीहरुको महान चाड वडा दशैं,तिहार र छठ पर्वको समयमा जिल्लाको सुरक्षा व्यवस्थालाई सुरक्षित, त्रुटीरहित,भरपर्दो, विश्वसनीय र मजबुद बनाई जनजीवन सामान्य तुल्याउन,देश विदेशबाट घर फर्कने र प्यूठानबाट आ-आफ्नो गन्तव्यमा जाने यात्रुहरु समेतलाई पूर्ण सुरक्षाको प्रत्याभूति दिलाउन तथा कुनै पनि किसिमको असामाजिक,अप्रिय र अपराधिक घटना घट्न नदिई समाजमा शान्ति सुरक्षा अमनचयन कायम राख्न सुरक्षा निकायको दुरुस्त र योजनाबद्ध परिचालन, अनुगमन, नियंन्त्रण गर्न वाञ्छनीय देखिएकोले जिल्ला सुरक्षा समिति, प्यूठानद्वारा यो योजना पारित गरी लागू गरिएको छ। यो योजना मिति २०८२।०६।०६ गतेबाट लागू हुने छ।

## १. परिकल्पना (Vision) :-

- सुरक्षा निकायहरुबीचको उच्च समन्वयबाट सुरक्षाकर्मीको प्रभावकारी परिचालन,दुरुस्त कारवाही र शीघ्र सेवा, सहज पहुँचको व्यवस्था मिलाई आम जनसमुदायमा भरपर्दो सुरक्षा व्यवस्था मिलाउने।

## २. परिलक्ष्य (Mission)

- दशैं, तिहार र छठ पर्वको अवसरमा शान्ति सुरक्षाको व्यवस्थापनलाई सुदृढ तुल्याई प्यूठान जिल्लाको जनजीवनलाई सहज र सरल बनाउने।

## ३. उद्देश्य (Goal)

- जनमानसमा सुरक्षाकर्मीको सहज पहुँच तथा सर्वसुलभताको वातावरण तयार गर्ने।
- चाडपर्वको समयमा हुन सक्ने चोरी,लुटपाट,झै-झगडा,डकैती,यौनजन्य अपराध जस्ता किसिमका अपराधिक गतिविधिहरु हुन गर्न नदिने।
- अपराधीलाई कारवाहीको दायरामा ल्याउने।
- साधन स्रोतको उच्चतम तथा प्रभावकारी परिचालन गर्ने।
- धार्मिक तथा सास्कृतिक एवम् सामाजिक सद्भाव कायम राख्न सहयोग पुर्याउने।
- सहज र सरल ट्राफिक व्यवस्थापन गर्ने।
- शान्त र सुरक्षित रुपमा चाडपर्व मनाउने वातावरण सुनिश्चित गर्ने।
- प्यूठानवाट आफ्नो गन्तव्यमा जाने यात्रुहरुलाई सुरक्षाको प्रत्याभुति दिने।
- अवैध रुपमा हुने जुवातास , मदिरा सेवन र अपराधिक घटना हुन नदिने।
- चाडपर्वको अवधिमा हुन सक्ने चोरी, लुटपाट तथा डकैतीका घटनाहरु नियन्त्रण गर्ने।

## ४. सुरक्षा चुनौतीहरु:

- चोरी, ठगी, लुटपाट तथा पकेटमाराका घटनाहरु हुन सक्ने।
- सवारी साधनहरु अवरोध तथा ढुङ्गा मुडा, तोडफोड, आगजानी हुन सक्ने।
- मादक पदार्थ सेवन गरी व्यक्ति तथा समूहबीच झै-झगडा एवम् कुटपिटको घटना घट्न सक्ने।
- विभिन्न हातहतियारको प्रयोग गरी अपराधिक घटना घटाउन सक्ने।
- चाडपर्वको समयमा धार्मिक क्षेत्रहरुमा हुने भीडभाडमा झगडा हुन सक्ने।
- गैरकानूनी रुपमा सञ्चालन हुन सक्ने चिठ्ठा खेलाउने र जुवातास खेल्ने।
- लागूऔषध ओसारपसार।

गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्युठान

- विभिन्न उश्रृङ्खल व्यक्तिहरु बाट शान्ति सुरक्षामा असर पुग्ने क्रियाकलाप गर्न सक्ने ।
- धार्मिक तथा साम्प्रदायिक सद्भभाव विथोलिन सक्ने ।
- भौगोलिक बिकट्ता ।
- घरेलु रुपमा उत्पादन हुने मदिराको व्याप्तता।

## ५. सुरक्षा खतराहरु( Security Threats)

**अपराधिक घटनाहरुः-**

दशैको समयमा देश विदेशमा रहेका व्यक्तिहरु आ-आफ्नो घरमा आउने र घरमा आउँदा सरसामान र पैसाहरु साथमा ल्याउने गर्दछन् भने प्यूठानबाट पनि आफ्नो घर फर्कने व्यक्तिहरुले पनि यसै गरी सर सामान र गरगहना पैसा साथमा बोकी लैजाने गर्दछन् । यो मौकालाई आफ्नो अवसरको रुपमा अपराधीहरुले प्रयोग गरी सुरक्षामा चुनौती दिने ।

**दशै तथा तिहारको समयमा हुन सक्ने अपराधहरु :-**

हत्या,ज.ज.क. (Rape).मानव बेचबिखन, अपहरण र धम्की, पाकेटमारी, चोरी पेय पदार्थमा नसालु पदार्थ मिसाई खुवाउने, डकैति/लुटपाट, जुवा, लंगुरबुर्जा र तीनगोटीहरु खेलाउने, मारपीट/ दुई समूह बीच झै-झगडा, मादक पदार्थको अधिक सेवन, Jewellery Snatching र वैदेशिक मुद्रा सटही ठगी आगजनी र विष्फोट, सवारी दुर्घटना र मृत्यु, सवारी टिकटको अनियमितता, वित्तीय संस्थामा लुटपाट आदि।

## ६. नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको एकीकृत सुरक्षा रणनीतिः

- नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबीच आवश्यक समन्वय गरी संयुक्त रुपमा परिचालन हुने,
- जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, घरेलु मदिरा नियन्त्रण गर्ने,
- सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक र जनपदको संयुक्त राजमार्ग गस्ती परिचालन गर्ने,
- दुबै सुरक्षा निकायका मौजुदा जनशक्तिको अधिकतम परिचालन गरी सर्वसाधारणमा सुरक्षाको महसुस गराउने,
- अन्य सुरक्षा निकायसँग समेत समन्वय गरी सुरक्षा व्यवस्था मजबुद बनाउने।

## ७. पूजापाठ लाग्ने स्थानहरु :-

- स्वर्गद्वारी आश्रम
- शिवालय मन्दिर खलंगा
- भगवती कालिका मन्दिर बिजुवार
- गौमुखी मन्दिर पुजालीबासे
- कोटहरु (झिमरुक गा.पा.२,३,४,५,७,र८, माण्डवी गा.पा. १ र २ ,स्वर्गद्वारी न.पा. १,८ र ९, प्युठान न.पा. १०, सरुमारानी गा.पा.१ र २ )
- पाण्डालहरु (कुनै पनि स्थानहरुमा)
- खड्क देवी मन्दिर बेलबास
- यज्ञहरु (कुनै पनि धार्मिक स्थलहरु र घरहरुमा)

## ८. बडा दशैं, तिहार र छठ पर्वमा प्रहरीले गर्नु पर्ने कार्यहरु :-

- हेल्प डेस्कको व्यवस्था (खलंगा वसपार्क, टिकुरी वसपार्क, जुम्री बसपार्क र स्वर्गद्वारी आश्रमको उचित स्थान) तथा अन्य उपयुक्त लागेको स्थान।
- कुनै पनि अपराधिक घटनाहरु घट्न नदिने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

- मदिरा सेवन, बेचबिखन र ओसार पसारमा नियन्त्रण गर्ने ।
- महिला, बृद्ध र अपाङ्गहरुलाई सहायता पुऱ्याउने ।
- **VIP** हरुको दर्शन र पुजाआजाको व्यवस्था मिलाउने ।
- शंकास्पद व्यक्तिहरुलाई नियन्त्रणमा लिने ।
- सवारी साधनको तलासी } आवश्यक परेमा
- व्यक्ति र सामानको तलासी }
- शंकास्पद रुपले हिडडुल गर्नेहरु माथि निगरानी गर्ने ।
- चोरीचकारी र लुटपाट हुन नदिने ।
- विभिन्न वहाना बनाई लामो / छोटो दुरीका भाडाका सवारी साधनले बढी पैसा असुल गर्ने, दुर्व्यबहार गर्ने, क्षमताभन्दा बढी यात्रु राख्न सक्ने भएकोले राजमार्ग र सहायक मार्गहरुमा सवारी साधन चेकजाँचको ब्यबस्था मिलाउने ।
- पालो पहराको दुरुस्त व्यवस्था छ, छैन कार्यालयहरु बन्द हुन ७ दिन अगाडि नै पालेहरुको नामावली संकलन गर्ने (सम्बन्धित प्रहरी कार्यालयहरुले) ।
- कार्यालयहरुको बत्ती, झ्याल ढोकाको अवस्था, बाटो घाटोको व्यवस्था, साइरनको अवस्था दुरुस्त छ, छैन सबै ई.प्र.का., चौकी तथा अ.प्र.पोष्टहरुले बन्द हुनु भन्दा ७ दिन अगाडि नै निरीक्षण गरी आवश्यक व्यवस्था गर्ने ।
- सबै कार्यालयहरुमा **Checking** पुस्तिका राख्न लगाउने र **Checking** अधिकृतले **Checking** पुस्तिकामा परिस्थिति मूल्याङ्कन अनिवार्य रुपमा लेख्ने व्यवस्था गर्ने ।
- २४ घण्टामा कम्तिमा १ पटक कार्यालयको **Checking** को व्यवस्था गर्ने ।
- अन्य निकायको अनुपस्थितिमा प्रहरी एक्लैले पनि त्यस्तो गैह कानूनी कार्यमा रोक लगाउन र उपभोग्य वस्तुहरुको स्वच्छता एवम् उचित स्तर कायम राख्न अनुचित भण्डारण समेतमा रोक लगाउने । जस्तैः- खसी काटेर भुइमा भाग लगाउने, दही, दुधहरु नछोपी राख्ने आदि ।
- अभाव श्रृजना गर्ने उद्देश्यले सामान थन्क्याएका स्थानहरुको तलासी ।
- मर्यादित किन बेचको व्यवस्था/आधिकारिक मूल्य सूची अनिवार्य राख्न लगाउनुको साथै चेकजाँच गर्ने ।
- अनुगमन(**Monitoring**)
- टिकट किनबेच हुने स्थानहरुमा लाइनको व्यवस्था, टिकटहरुको नियमित बेचबिखनको व्यवस्था
- सवारी चालकहरुको रेकर्ड राख्ने ( गाडी चलाएको समय )।
- नजिकको प्रहरी र **Control** को १०० मा खबर गर्न फोन कण्ठस्थ गराई, फोन गर्ने गरी **Counselling** गर्ने ।
- समय समयमा पालोपहरा दुरुस्त छ, छैन हेर्ने र कार्यालयहरुको निरीक्षण गर्ने ।
- गाँउ वस्तीका घरहरुको सुरक्षा व्यवस्था दुरुस्त भए नभएको हेर्ने जस्तैः- बिजुलीवत्ती, झ्यालढोकाको चुकुल,ताल्चा साचोको व्यवस्था ।
- त्यस्ता घरहरुका घर धनीहरुको फोन नं.राख्ने ।
- समय समयमा कुरुवाहरुसँग **Duty Officer** ले **Situation Report** लिने ।
- गस्तीहरुले त्यस्ता घरहरुमा समय समयमा पुगि निरीक्षण गर्ने ।
- घर धनीहरुको घर छाड्ने र घर फर्कने मिति र समय लिई अभिलेख राख्ने र प्रत्येक प्रहरी कार्यालयमा एक प्रहरी अधिकृतलाई **Focal Officer** तोकी घर बाहिर जाने सूचना दिने व्यवस्था गर्ने ।

- घर वरिपरि निगरानी गरी शंस्कापद रुपले हिड्नेलाई पक्राउ गरी छानविन गर्ने।
- वित्तीय संस्था र **ATM** भएका स्थान र **Money Exchange Center** हरुमा **Picket** को व्यवस्था गर्ने।
- गस्तीहरुले समय समयमा त्यस्ता स्थानहरुमा जाने र सुरक्षा व्यवस्थाको जानकारी लिने।
- **Security guard** हरुसँग सोधपुछ गर्ने र सुरक्षा सल्लाह, सुरक्षा सचेतना प्रदान गर्ने।
- **Security guard** हरुलाई खुकुरी, सिठ्ठी र टर्च लाईटको व्यवस्था गर्न लगाउने।
- **VIP** को **Movement** को सुरक्षा व्यवस्था मिलाउने।
- घाईते र बिरामीहरुको उपचारको व्यवस्था मिलाउने।
- सुरक्षा माग भएका स्थानमा तत्काल उपस्थित भै मद्दत गर्ने।

## ९. दशै र तिहारमा नियन्त्रण गर्नु पर्ने कार्यहरु:-

- गुण्डा गर्दी
- कालो बजारी
- **Snatching**
- चोरी
- लुटपाट
- डकैती
- जुवातास
- लंगुर बुर्जा
- तीनगोटी
- उपहार र चिठ्ठा
- ढुकुटी
- विष्फोटक पदार्थहरु जस्तैः भुइचम्पा, पटकाहरुको किन बेच, ओसार पसार र प्रयोग।
- अवैध मदिराको उत्पादन, बेचबिखन, ओसार पसार र अस्वभाविक सेवन।
- लागु औषध जन्य अपराधहरु
- स्वीकृति विनाको भेला, **Concert** आदि।
- रेष्टुरेण्ट, होटल, गेष्ट हाउसहरुको समय पालना।
- वेश्यागमन र अन्य असामाजिक क्रियाकलापहरु।
- अन्य सबै किसिमका अपराधहरु

## १०. Duty का प्रकारहरु:-

- Picketing
- पैदल गस्ती
- सवारी गस्ती
  - मोटरसाईकल गस्ती
  - मोटर गस्ती
- सूचना संकलन (सादा पोशाक)
- Search (तलासी)
- Cordon & Search
- **Q.R.T** (मो.सा.गस्ती)
- प्यूठान भित्रिने नाका चेकजाँच
- Ambushing र निगरानी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

११. डियूटी लिने स्थानहरु

- प्यूठान जोड्ने सबै पुलहरु
- महत्वपूर्ण प्रतिष्ठानहरु र वित्तिय संस्थाहरु
- अपराधिक गतिविधि हुने स्थानहरु
- राजमार्गहरु
- ग्रामीण वस्तीहरु
- बजारहरु , Bank ,ATM Station हरु
- निजी र सरकारी निवासहरु
- Restaurant, guest house, होटलहरु
- धार्मिक अनुष्ठान हुने मठ मन्दिर, मेलाहरु
- VIP को Movement हुने स्थानहरु
- AUTO, Tempo, Micro, Sumo र बस स्टेशन
- मिठाई पसल र पूजा सामाग्री पसलहरु
- टिकट काउण्टरहरु राखेको स्थान – खलंगा, टिकुरी, जुम्री, भिंगृ, लुङबहाने, मच्छी

## सुरक्षा योजना
### कमाण्ड पोष्ट

## १. नेपाल प्रहरी

| सि.नं | खटिने प्रहरी जनशक्ति | | | | जम्मा | हात हतियार तथा संचार सेट | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्र.ना.उ | प्रनि | जु.प्र.अ. | प्र.ह/प्र.ज | | ठुलो | ऐ.गोली | सानो | ऐ.गोली | लाठी | सेट |
| १ | १ | - | १ | ५ | ७ | ३ | १५० | २ | २८ | २ | १ |

## एरिया विभाजन

जिल्ला प्रहरी कार्यालय प्यूठान **मातहतमा रहेको जिम्मेवारी** ईलाकालाई देहाय बमोजिम ९ वटा एरियामा विभाजन गरिएको छ र विभाजन गरिएको इलाकामा कुनै पनि अवान्छित क्रियाकलाप गर्ने गराउनेहरुलाई तत्काल प्रकाउ गरि नियमानुसार कारवाही गर्नु हुनेछ।

| सि.नं. | पालिका | प्रहरी ईकाईको नाम | जिम्मेवार ईलाका | बेश रहने स्थान | कै |
|---|---|---|---|---|---|
| १ | मल्लरानी | जि.प्र.का.प्यूठान | मल्लरानी - ४ र ५ | जि.प्र.का. प्यूठान | |
| २ | प्यूठान न.पा. | ई.प्र.का.बिजुवार प्यूठान | प्यूठान न.पा. ३,४,५ र ७ | ई.प्र.का.बिजुवार | |
| | | प्र.चौ.मरन्ठाना प्यूठान | प्यूठान न.पा. ९ र १०, झिमरुक ६ आधा, मल्लरानी १ आधा | | |
| | | अ.प्र.पोष्ट बाग्दुला प्यूठान | प्यूठान न.पा. को ६ र ८ | | |
| | | प्रहरी बिट क्वाडी प्यूठान | प्यूठान न.पा.-१ र २ | | |
| ३ | स्वर्गद्वारी न.पा. | ई.प्र.का.भिंगृ प्यूठान | स्वर्गद्वारी न.पा. ३,४,५,६,७ र ८ | ई.प्र.का.भिंगृ | |
| | | ई.प्र.का.स्वर्गद्वारी प्यूठान | स्वर्गद्वारी न.पा. २ | | |
| | | प्र.चौ.कोचिवाङ प्यूठान | स्वर्गद्वारी न.पा. १ | | |
| | | अस्थायी प्रहरी विट खाल | स्वर्गद्वारी न.पा. २ | | |
| | | अस्थायी प्रहरी विट लामाचौर | स्वर्गद्वारी न.पा. ९ पुरै | | |
| ४ | सरुमारानी गा.पा. | प्र.चौ.ढुङ्गेगढी प्यूठान | सरुमारानी गा.पा.-१ र २ | | |
| | | प्रहरी चौकी बड्डाँडा प्यूठान | सरुमारानी गा.पा.- ३,४,५ र ६ | | |
| | माण्डवी गा.पा. | प्र.चौ.देबिस्थान प्यूठान | माण्डवी गा.पा. ३,४ र ५ को आधा | | |

प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | | प्र.चौ.तिराम प्यूठान | माण्डवी गा.पा.१ र २ | | |
| | | जिट्राप्रका प्यूठान | जिल्लाभरी | | |
| | | प्रहरी बिट चकचके | माण्डवी गा.पा.-३ | | |
| ६ | ऐरावती गा.पा. | प्र.चौ. दाङवाङ | ऐरावती गा.पा.-१ | | |
| | | प्र.चौ.बरौला | ऐरावती गा.पा. २,३ पुरै, ५ र ६ को आधा | | |
| | | प्र.चौ.चुजाठाटी | मल्लरानी गा.पा.- १ को आधा २,३ पुरै र ऐरावती ६ को आधा | | |
| | | अ.प्र.पोष्ट कैरन | माण्डवी ५ को आधा, ऐरावती ४ पुरै र ५ को आधा | | |
| ७ | झिमरुक गा.पा. | ई.प्र.का.ओखरकोट | झिमरुक गा.पा. १,२,३,४,५ र ६ को आधा, गौमुखी गा.पा. ७ | | |
| ८ | गौमुखीगा.पा. | ई.प्र.का.पुजालीबासे | गौमुखी गा.पा. १,२,३,४,५,६ | | |
| ९ | नौबहिनी गा.पा. | ई.प्र.का.लुङ्गबहाने | नौबहिनी गा.पा.- २,३,४,५, ६ पुरै ७ र ८ को आधा | ई.प्र.का.लुङ्गबहाने | |
| | | प्र.चौ.फोप्ली | नौबहिनी गा.पा.-७ र ८ को आधा | | |
| | | प्र.चौ. डामृ | नौबहिनी गा.पा.-५ | | |
| | | प्र.चौ.स्याउलीवाङ्ग | नौबहिनी गा.पा.-१ | | |

## मोबाईल/अनुगमन :-२४ सै घण्टा

| सि.नं. | खटाउने कार्यालय | खटिने स्थान | कल साईन | खटिने प्रहरी जनशक्ति | | | | हात हतियार तथा संचार सेट | | | | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रनि | जुप्रअ | प्रह/प्रज | जम्मा | ठुलो | ऐ.गोली | सानो | ऐ.गोली | लाठी | सेट | |
| १ | जि.प्र.का. प्यूठान | आफ्नो एरिया सबै | **Y2** | १ | १ | ३ | ५ | २ | १०० | २ | २८ | १ | १ | |
| २ | ई.प्र.का. बिजुवार | आफ्नो एरिया सबै | **Y16** | १ | - | ३ | ४ | २ | १०० | १ | १४ | - | १ | |
| ३ | ई.प्र.का. लुङबहाने | आफ्नो एरिया सबै | **Y15** | - | १ | ३ | ४ | २ | १०० | १ | १४ | १ | १ | |

७

प्रमुख जिल्ला अधिकारी

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४. | ई.प्र.का. भिंगृ | आफ्नो एरिया सबै | Y30 | - | १ | | ४ | २ | १०० | १ | १४ | १ | १ | |
| जम्मा | | | | २ | ३ | १२ | १७ | ८ | ४०० | ५ | ७० | ३ | ४ | |

## रिजर्व :-

| सिनं | रिजर्भ रहने स्थान | खटिने प्रहरी जनशक्ती | | | | हात हतियार तथा संचार सेट | | | | | | खटाउने ईकाइ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्र.नि. | जु.प्र.अ. | प्र.ह./प्र.ज. | जम्मा | ठुलो | ऐ.गोली | सानो | ऐ.गोली | लाठी | संचार | |
| १ | जि.प्र.का. प्यूठान | १ | १ | ८ | १० | ३ | १५० | २ | २८ | ५ | १ | जि.प्र.का. प्यूठान |
| २ | बिजुवार बजार | ० | १ | ६ | ७ | २ | १०० | १ | १४ | ४ | १ | ई.प्र.का. बिजुवार |
| ३ | बहाने बजार | १ | १ | ३ | ५ | २ | १०० | २ | २८ | १ | १ | ई.प्र.का.लुङ्बहाने |
| जम्मा | | २ | ३ | १७ | २२ | ७ | ३५० | ५ | ७० | १० | ३ | |

## सरकारी कार्यालय सुरक्षार्थ गस्ती :-

| सि.नं | खटिने स्थान | खटिने प्रहरी जनशक्ती | | | | हात हतियार तथा संचार सेट | | | | | संचार | खटाउने इकाई | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्र.नि. | जु.प्र.अ. | प्र.ह./प्र.ज. | जम्मा | ठुलो | ऐ.गोली | सानो | ऐ.गोली | लाठी | | | |
| १ | खलंगा बजार | - | १ | ४ | ५ | २ | १०० | १ | १४ | २ | | जि.प्र.का. प्यूठान | |
| २ | बिजुवार | | १ | ४ | ५ | २ | १०० | १ | १४ | २ | | इ.प्र.का. बिजुवार | |
| ३ | जुम्री | | १ | ४ | ५ | २ | १०० | १ | १४ | २ | | इ.प्र.का. बिजुवार | |
| जम्मा | | - | ३ | १२ | १५ | ६ | २०० | १ | ४२ | ६ | | | |

## पिकेट डिउटी:-

| सि.नं | पिकेट रहने स्थान | प्रहरी जनशक्ति | | | खटिने इकाई | कल साईन | हात हतियार तथा संचार सेट र | | | | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जुप्रअ | प्रह/प्रज | जम्मा | | | ठुलो | ऐ.गोली | सानो | ऐ.गोली | लाठी | संचार सेट | |
| १ | बसपार्क | १ | २ | ३ | जि.प्र.का. प्यूठान | P3 | - | - | १ | १४ | २ | १ | |
| २ | खानेपानी चोक | - | २ | २ | जि.प्र.का. प्यूठान | P1 | - | - | - | - | २ | १ | |
| ३ | मित्रमणि चोक | - | २ | २ | ई.प्र.का. बिजुवार | | - | - | - | - | २ | १ | |



प्रमुख जिल्ला अधिकारी

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | जुम्रि चोक | १ | २ | ३ | ई.प्र.का. बिजुवार | | - | - | १ | १४ | २ | १ | |
| ५ | बाग्दुला चोक | १ | २ | ३ | अ.प्र.पोप्ट बाग्दुली | | - | - | १ | १४ | २ | १ | |
| ६ | क्वाडी बिट | १ | २ | ३ | अ.प्र.पोप्ट क्वाडी | | - | - | १ | १४ | २ | १ | |
| ७ | चेरनेटा | - | २ | २ | अ.प्र.पोप्ट क्वाडी | | - | - | - | - | २ | - | |
| ८ | जस्पुर चोक | १ | २ | ३ | अ.प्र.पोप्ट चकचके | | - | - | १ | १४ | २ | १ | |
| ९ | बड्डाडाँ चोक | - | २ | २ | प्र.चौ. बडडाँडा | | - | - | - | - | २ | - | |
| १० | कार्यालय अगाडी | - | २ | २ | प्र.चौ. ढुङ्गेगढी | | - | - | - | | २ | - | |
| ११ | दर्भान बजार | १ | २ | ३ | प्र.चौ. ढुङ्गेगढी | | - | - | १ | १४ | २ | - | |
| १२ | स्वर्गद्वारी गेट | - | २ | २ | ई.प्र.का.भिंगृ | | - | - | - | - | २ | - | |
| १३ | घडेरी होल्डिङ | - | २ | २ | ई.प्र.का.भिंगृ | | - | - | - | - | २ | - | |
| १४ | बहानेबजार | १ | २ | ३ | ई.प्र.का.लुङबहाने | | - | - | १ | १४ | २ | - | |
| १५ | मच्छिबजार | - | २ | २ | ई.प्र.का. ओखरकोट | | - | - | - | - | २ | - | |
| १६ | हाँडीखोला | - | २ | २ | प्र.चौ.चुँजाँठाटी | | - | - | - | - | २ | - | |
| १७ | सौतामारे | - | २ | २ | अ.प्र.पोष्ट सौतामारे | | - | - | - | - | २ | - | |
| १८ | धरमपानी गेट पार्क | - | २ | २ | ई.प्र.का. स्वर्गद्वारी | | - | - | - | - | २ | - | |
| १९ | ठुलाबेसी बजार | - | २ | २ | ई.प्र.का. पुजालीबासे | | - | - | - | - | २ | - | |
| २० | खरिबोट | १ | २ | ३ | प्र.चौ. मरन्ठाना | | - | - | १ | १४ | २ | - | |
| २१ | स्थानीय बजार कैरन | १ | २ | ३ | अ.प्र.पोष्ट कैरन | | - | - | १ | १४ | २ | - | |
| | जम्मा | ९ | ४२ | ५१ | | | - | - | ९ | १२६ | ४२ | ७ | |

## ट्राफिक सहितको संयुक्त चेकिङ

| सि.नं. | खटिने प्रहरी ईकाई | खटिने जनशक्ति | | | चेकिङ्ग समय र स्थान | कै. |
|---|---|---|---|---|---|---|
| | | जुप्रअ | प्रह/प्रज | जम्मा | | |
| १ | जि.प्र.का. प्यूठान | १ | ३ | ४ | आवश्यकता अनुसार | |
| २ | इ.प्र.का. बिजुवार | १ | २ | ३ | | |
| ३ | ई.प्र.का. भिंगृ | १ | १ | २ | | |
| ४ | ई.प्र. का.लुङबहाने | १ | २ | ३ | | |

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | ई.प्र.का. ओखरकोट | १ | २ | ३ | | |
| ६ | प्र.चौ. ढुङ्गेगढी | १ | २ | ३ | | |
| ७ | प्र.चौ. देविस्थान | १ | १ | २ | | |
| ८ | प्र.चौ. बरौला | १ | १ | २ | | |
| ९ | अ.प्र.पोष्ट चकचके | १ | १ | २ | | |
| १० | अ.प्र.पोष्ट बाग्दुला | १ | २ | ३ | | |
| जम्मा | | १० | १७ | २७ | | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय प्युठान

## नियमित चेकप्वाईन्ट डियुटी

| सि.नं. | खटिने प्रहरी ईकाई | खटिने जनशक्ति | | | चेकिङ्ग समय र स्थान | कै. |
|---|---|---|---|---|---|---|
| | | जुप्रअ | प्रह/प्रज | जम्मा | | |
| १ | ई.प्र.का. भिंगृ | | २ | २ | २४ सै घण्टा डियुटीमा रहने | |
| २ | प्र.चौ.ढुङ्गेगढी प्युठान | | २ | २ | | |
| जम्मा | | | ४ | ४ | | |

## पैदल गस्ती :-बैंक तथा वित्तिय संस्था, सुनचाँदी पसल तथा मुख्य बजार

| सि.नं | खटाउने कार्यालय | खटिने जनशक्ति | | | खटिने एरिया | कैफियत |
|---|---|---|---|---|---|---|
| | | जुप्रअ | प्रह/प्रज | जम्मा | | |
| १ | जि.प्र.का. प्यूठान | १ | ३ | ४ | खलंगा बजार एरिया | |
| २ | ई.प्र.का. बिजुवार | १ | २ | ३ | बिजुवार बजार एरिया | |
| ३ | ई.प्र.का. भिंगृ | १ | २ | ३ | भिंगृ बजार एरिया | |
| ४ | ई.प्र. का.लुङबहाने | - | २ | २ | लुङबहाने बजार एरिया | |
| ५ | ई.प्र.का. ओखरकोट | - | २ | २ | मच्छि बजार एरिया | |
| ६ | ई.प्र.का. पुजालीबासे | - | २ | २ | ठुलाबेसी बजार एरिया | |

१०

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | प्र.चौ. ढुङ्गेगढी | - | २ | २ | दर्भान बजार एरिया | |
| ८ | प्र.चौ. बरौला | - | २ | २ | बरौला बजार एरिया | |
| ९ | प्र.चौ. बडडाँडा | - | २ | २ | बडडाँडा बजार एरिया | |
| १० | अ.प्र.पोष्ट चकचके | - | २ | २ | जस्पुर बजार एरिया | |
| | जम्मा | ३ | २१ | २४ | | |

**नोट :-पैदलगस्तीमा खटिने कमाण्डरले आफ्नो रुटमा पर्ने आर्थिक कारोवार हुने क्षेत्र, टिकट काउन्टर, वस छुट्ने स्थान , मानिस जमघट र भिडभाड हुने स्थानहरुमा गस्ती वढाउने , गस्तीमा खटिने कमाण्डरले वैंक मेनेजर तथा सुरक्षा गार्डसंग समेत समन्वय गरी प्रहरीको उपस्थिती दर्शाउने ।**

## QRT मो.सा.

| सिनं | खटिने इकाई | प्रहरी जनशक्ति | | खटिने स्थान | कै. |
|---|---|---|---|---|---|
| | | प्रह/प्रज | जम्मा | | |
| १ | जि.प्र.का. प्यूठान | २ | २ | आ–आफ्नो वडा एरिया | |
| २ | ई.प्र.का. बिजुवार | २ | २ | आ–आफ्नो वडा एरिया | |
| ५ | ई.प्र.का. लुङ्गबहाने | २ | २ | आ–आफ्नो वडा एरिया | |
| ३ | ई.प्र.का. भिंगृ | २ | २ | आ–आफ्नो वडा एरिया | |
| ४ | ई.प्र.का. पुजालीबासे | २ | २ | आ–आफ्नो वडा एरिया | |
| ५ | ई.प्र.का. ओखरकोट | २ | २ | आ–आफ्नो वडा एरिया | |
| ६ | प्र.चौ. ढुङ्गेगढी | २ | २ | आ–आफ्नो वडा एरिया | |
| ७ | प्र.चौ.बड्डाँडा | २ | २ | आ–आफ्नो वडा एरिया | |
| ८ | प्र.चौ.तिराम | २ | २ | आ–आफ्नो वडा एरिया | |
| ९ | प्र.चौ.बरौला | २ | २ | आ–आफ्नो वडा एरिया | |
| १० | प्र.चौ.दाङबाङ | २ | २ | आ–आफ्नो वडा एरिया | |
| ११ | प्र.चौ.चुँजाँठाटी | २ | २ | आ–आफ्नो वडा एरिया | |
| १२ | प्र.चौ.मरन्ठाना | २ | २ | आ–आफ्नो वडा एरिया | |
| १३ | प्र.चौ.कोचिबाङ | २ | २ | आ–आफ्नो वडा एरिया | |



प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | प्र.चौ.देविस्थान | २ | २ | आ–आफ्नो वडा एरिया | |
| १५ | प्र.चौ.फोप्ली | २ | २ | आ–आफ्नो वडा एरिया | |
| १६ | अ.प्र.पोष्ट लामाचौर | २ | २ | आ–आफ्नो वडा एरिया | |
| १७ | अ.प्र.पोष्ट बागदुला | २ | २ | आ–आफ्नो वडा एरिया | |
| १८ | अ.प्र.पोष्ट कैरन | २ | २ | आ–आफ्नो वडा एरिया | |
| १९ | अ.प्र.पोष्ट खाल | २ | २ | आ–आफ्नो वडा एरिया | |
| २० | अ.प्र.पोष्ट क्वाडी | २ | २ | आ–आफ्नो वडा एरिया | |
| जम्मा | | ४० | ४० | | |

**ग्रामिण गस्ती/L.R.P.:-**

| सि.नं | खटिने प्रहरी ईकाई | खटिने स्थान | खटिने प्रहरी जनशक्ती | | | हात हतियार तथा संचार सेट | | | | | संचार सेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जु.प्र.अ. | प्र.ह./प्र.ज | जम्मा | ठुलो | ऐ.गोली | सानो | ऐ.गोली | लाठी | |
| १ | जि.प्र.का. | आ-आफ्नो वडा एरियाको ग्रामिण भेग | १ | ६ | ७ | ३ | १५० | १ | १४ | ३ | - |
| २ | इ.प्र.का. बिजुवार | | १ | ४ | ५ | २ | १०० | १ | १४ | २ | - |
| ३ | इ.प्र.का. लुङबहाने | | १ | ४ | ५ | २ | १०० | १ | १४ | २ | - |
| ४ | इ.प्र.का. भिंगृ | | १ | २ | ३ | - | - | १ | १४ | २ | - |
| जम्मा | | | ४ | १६ | २० | ७ | ३५० | ४ | ५६ | ९ | - |

**सादा पोशाक डियुटी :-**

| सिनं | खटाउने प्रहरी ईकाई | खटिने प्रहरी जनशक्ति | | | हात हतियार | | खटिने स्थान | कै |
|---|---|---|---|---|---|---|---|---|
| | | जु.प्र.अ. | प्रह/प्रज | जम्मा | सानो | ऐ.को गोली | | |
| १ | जि.प्र.का. प्यूठान | - | २ | २ | १ | १४ | प्यूठान जिल्लाका संवेदनशिल स्थानहरु | |
| २ | ई.प्र.का. बिजुवार | - | २ | २ | १ | १४ | आ-आफ्नो वडा एरियाका संवेदनशिल स्थानहरु | |



प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा | - | ४ | ४ | | |

## बजार अनुगमन टोलीः-

| सि.नं | प्रहरी ईकाईको नाम | खटिने जनशक्ति | | | | हात हतियार तथा संचार सेट | | | | | | खटिने स्थान | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सि.प्र.अ | जु.प्र.अ. | प्रह/प्रज | जम्मा | ठुलो | ऐ.गोली | सानो | ऐ.गोली | लाठी | संचार सेट | प्यूठान जिल्लाको बजार ईलाका | |
| १ | जि.प्र.का. प्यूठान | - | १ | ४ | ५ | २ | १०० | १ | १४ | २ | १ | | |
| जम्मा | | - | १ | ४ | ५ | २ | १०० | १ | १४ | २ | १ | | |

## यात्रु सहायता कक्षः-

| सिनं | प्रहरी ईकाईको नाम | खटिने जनशक्ति | | | | खटिने स्थान |
|---|---|---|---|---|---|---|
| | | सिप्रअ | जुप्रअ | प्रह/प्रज | जम्मा | |
| १ | जि.प्र.का. प्यूठान | - | १ | २ | ३ | खलंगा बसपार्क |
| २ | ई.प्र.का. बिजुवार | - | - | २ | २ | जुम्री बसपार्क |
| ३ | अ.प्र.पोष्ट बाग्दुला | - | - | २ | २ | टिकुरी बसपार्क |
| ४ | ई.प्र.का. स्वर्गद्वारी | | - | २ | २ | स्वर्गद्वारी मन्दिर |
| जम्मा | | - | १ | ८ | ९ | |

## २४ घण्टा राजमार्ग बिशेष चेकिङः-

| सि.नं. | खटिने प्रहरी जनशक्ति | | | | खटिने स्थान | खटाउने ईकाई |
|---|---|---|---|---|---|---|
| | प्रनि | जुप्रअ | प्रह/प्रज | जम्मा | | |
| १ | - | १ | ४ | ५ | आवश्यकता अनुसारको उपयुक्त स्थान | जि.प्र.का. प्यूठान |
| २ | - | १ | ३ | ४ | | ई.प्र.का. बिजुवार |
| जम्मा | - | २ | ७ | ९ | | अन्य इकाईले आ-आफ्नो वडा एरिया |

प्रमुख जिल्ला अधिकारी

पालना गर्नु पर्ने

सुरक्षाकर्मीहरुले प्रहरी निर्देशनहरु:-

➢प्रत्येक

| सि.नं. | डिउटीको प्रकार | डियुटी संख्या | जनशक्ति परिचालन | | | | | हात हतियार तथा असवाव परिचालनको संख्यात्मक विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्र.ना.उ. | प्र.नि. | ज.प्र.अ. | प्र.ब.ह./प्र.ह./ प्र.स.ह./प्र.ज. | जम्मा | ठुलो | ऐ.को गोली | सानो | ऐ.को गोली | लाठी | संचार साधन | कै. |
| १ | कमाण्ड पोष्ट | १ | १ | | १ | ५ | ७ | ३ | १५० | २ | २८ | २ | १ | |
| २ | मोवाईल डिउटी २ सिफ्ट | ४ | - | २ | ३ | १२ | १७ | ८ | ४०० | ५ | ७० | ३ | ४ | |
| ३ | कार्यालय सुरक्षा | २९ | | | ६ | ६८ | ७४ | २९ | १४५० | ६ | ८४ | ४९ | - | |
| ४ | रिजर्व डिउटी | ४ | - | २ | ३ | १७ | २२ | ७ | ३५० | ५ | ७० | १० | ० | |
| ५ | सरकारी कार्यालय सुरक्षार्थ गस्ती | ३ | - | | ३ | १२ | १५ | ६ | ३०० | ३ | ४२ | ६ | | |
| ६ | पिकेट डिउटी ३ सिफ्ट | २१ | - | - | ९ | ४२ | ५१ | | | ९ | १२६ | ४२ | ७ | |
| ७ | ट्राफिक सहितको संयुक्त चेकिङ | १० | - | - | १० | १७ | २७ | - | - | - | - | - | | |
| ८ | पैदल गस्ती ३ सिफ्ट | १० | - | - | ३ | २१ | २४ | - | - | ३ | ४२ | २१ | | |
| ९ | नियमित चेकप्वाईन्ट डियुटी | २ | - | - | ० | ४ | ४ | - | - | - | - | - | - | |
| १० | QRT मो.सा.गस्ती | २० | - | - | - | ४० | ४० | - | - | - | - | - | २० | |
| ११ | ग्रामिण गस्ती/L.R.P. | ४ | - | - | ४ | १६ | २० | ७ | ३५० | ४ | ५६ | ९ | ० | |
| १२ | सादा पोशाक डिउटी | २ | - | - | - | ४ | ४ | - | - | २ | २८ | - | - | |
| १३ | बजार अनुगमन टोली | १ | - | - | १ | ४ | ५ | २ | १०० | १ | १४ | २ | ० | |
| १४ | यात्रु सहायता कक्ष | ४ | - | - | १ | ८ | ९ | - | - | - | - | - | १ | |
| १५ | २४ घण्टा राजमार्ग बिशेष चेकिङ | २ | - | - | २ | ७ | ९ | ४ | २०० | २ | २८ | ३ | २ | |
| | जम्मा | ११७ | १ | ४ | ४६ | २७७ | ३२८ | ६६ | ३३०० | ४२ | ५८८ | १४७ | ३५ | |



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्युठान

कर्मचारीले **Duty** तोकिएको समय भन्दा ५ मिनेट अगाडि लिई सक्नु पर्नेछ।

- घटनास्थलमा बाटोको म्याद बाहेक ५ मिनेट भित्र पुगिसक्नु पर्नेछ
- **Duty** मा रहेका प्रहरी कर्मचारीहरुको **Land Line** र **Mobile Phone** हरु उपयुक्त समयमा उठी सक्नु पर्नेछ। ३ घण्टी भित्र अनिवार्य फोन उठाई सक्नु पर्नेछ। लामो कुरा गरेर **Duty** का फोनहरु व्यस्त नराख्ने।
- मन्दिरहरुमा तोकिएका जुत्ताहरुको प्रयोग।
- दिवा समयमा अनिवार्य वर्किङ्ग ड्रेसको प्रयोग गर्ने।
- रिजर्भ, स्ट्राईकिङ्ग टोली चुस्तामा रहने छ।
- **Dress Code** आवश्यकतानुसार हेरफेर हुनेछ

**सुचना प्रवाह :-**

- चेकजाँच एवं अनुसन्धानको क्रममा प्राप्त भएका महत्वपूर्ण सूचनाहरु बिगतमा पनि आफुखुशी संचार माध्यम एवं असम्वन्धीत व्यक्तिहरुलाई प्रवाह गर्ने र त्यसबाट अनुसन्धान सफल हुने सम्भावना अतिनै न्यून हुनका साथै अपराधीक पक्षलाई पनि फाईदा हुने भएकाले संकलीत सूचनाहरु गोप्य राख्न हुनका साथै सुरक्षाकर्मीहरु बीचमा पनि **Need to Know Basis** मा मात्र प्रवाह गर्नु हुनेछ। सुरक्षाकर्मीका कमाण्डर स्विकृती बिना संचार माध्यममा अनुसन्धानको क्रममा थाहा हुन आएको कुनै पनि किसिमको सूचना, खबर एवं जानकारी प्रवाह गर्नु हुने छैन।

**अन्य:**

- ड्यूटीको समयमा अस्वभाविक हर्कत पूर्ण रुपले निषेध गरिएको छ।
- **Tactical Formation** मा परिचालन हुनु पर्नेछ।
- **Situation report, Location report** प्रत्येक घण्टामा **जिल्लाको संचार शाखामा** दिनु पर्नेछ।
- सबै प्रहरी इकाईले **QRT** को गठन गर्ने।
- **Police Help Desk** मा रहने प्र.क.लाई **Briefing** गरेर प्रशंसनीय कार्य सम्पादन गर्ने गरी खटाउने।
- आफ्ना निजी सरसामान, **Torch** लाईट, कलम, डायरी आदि अनिवार्य राख्ने र दुरुस्त राख्ने।
- तालुक कार्यालय र यस कार्यालयबाट जारी भएका निर्देशनहरु पूर्ण रुपमा पालना गर्ने गराउने।
- सवारी चालकहरुले कति घण्टा सवारी चलाएको छ र सहचालक राखेको छ/छैन विवरण राख्ने।
-

## २. सशस्त्र प्रहरी बल नेपाल, आश्रित गुल्म , प्युठान।

क) पिकेट

| सि.नं. | जिल्ला | खटाउने युनिट | खटिने स्थान | खटिने कमाण्डर | नफ्रि | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्युठान | आश्रित गुल्म प्युठान | प्युठान न.पा. ८ बाग्दुला | सप्रबह/सप्रह | ३ जना | १०:०० -१८:०० बजे | चाडपर्व अवधिभर |



प्रमुख जिल्ला अधिकारी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | प्युठान | आश्रित गुल्म प्युठान | प्युठान न.पा. ४ जुम्री | सप्रबहे/सप्रह | ३ जना | १०:०० -१८:०० बजे | चाडपर्व अवधिभर |

ख) चेकप्वाईन्ट

| सि.नं. | जिल्ला | खटाउने युनिट | खटिने स्थान | खटिने कमाण्डर | नफ्रि | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्युठान | आश्रित गुल्म प्युठान | प्युठान न.पा.३ खाद्यचौर | सप्रह | १० जना | ०६:००-१०:००<br>१०:०० -१८:०० | २ सिफ्ट ५ जनाको दरले |

ग) पैदल गस्ती

| सि.नं. | जिल्ला | खटाउने युनिट | खटिने स्थान | खटिने कमाण्डर | नफ्रि | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्युठान | आश्रित गुल्म प्युठान | प्युठान न.पा.४ जुम्री, बिजुवार र ऐ.न.पा.८ बाग्दुला बजार ईलाका | सप्रबह/सप्रह | ५ जना | ०६:०० - १०:०० बजे | चाडपर्व अवधिभर |

घ) मोवाईल गस्ती

| सि.नं. | जिल्ला | खटाउने युनिट | खटिने स्थान | खटिने कमाण्डर | नफ्रि | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्युठान | आश्रित गुल्म प्युठान | बाग्दुला, बिजुवार, जुम्री, खलंगा चकचके स्थित ईलाकाहरु | जु.अ. | ७ जना | १०:००-१८:०० बजे | चाडपर्व अवधिभर |

ङ) आई.आर.टि. परिचालन

| सि.नं. | जिल्ला | खटाउने युनिट | खटिने स्थान | खटिने कमाण्डर | नफ्रि | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्युठान | आश्रित गुल्म प्युठान | प्युठान न.पा.३ खाद्यचौर | जु.अ. | ७ जना | २४ सै घण्टा | चाडपर्व अवधिभर |

च) क्यु.आर.टि.

| सि.नं. | जिल्ला | खटाउने युनिट | खटिने स्थान | खटिने कमाण्डर | नफ्रि | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्युठान | आश्रित गुल्म प्युठान | आवश्यकता अनुसार (जिम्मेवारी ईलाकामा) | जु.अ. | १० | - | चाडपर्व अवधिभर |

छ) एल.आर.पि

| सि.नं. | जिल्ला | खटाउने युनिट | खटिने स्थान | खटिने कमाण्डर | नफ्रि | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्युठान | आश्रित गुल्म प्युठान | जिम्मेवारी ईलाका | जु.अ. | २×१५ = ३० जना | योजना अनुसार | २ वटा |

प्रमुख जिल्ला अधिकारी

ज) हेल्प डेक्स

| सि.नं. | जिल्ला | खटाउने युनिट | खटिने स्थान | खटिने कमाण्डर | नफ्रि | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्युठान | आश्रित गुल्म प्युठान | प्युठान न.पा. ३ खाद्यचौर | सप्रबह/सप्रह | ३ जना | १०:००-१८:०० बजे | |

झ) सादा पोशाक

| सि.नं. | जिल्ला | खटाउने युनिट | खटिने स्थान | खटिने कमाण्डर | नफ्रि | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २ | प्युठान | आश्रित गुल्म प्युठान | जिम्मेवारी ईलाका | सप्रह | २ जना | आवश्यकता अनुसार | चाडपर्व अवधिभर |

ञ) भिआईपि सुरक्षा

| सि.नं. | जिल्ला | खटाउने युनिट | खटिने स्थान | खटिने कमाण्डर | नफ्रि | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्युठान | आश्रित गुल्म प्युठान | जिम्मेवारी ईलाका | जु.अ./ सि.अ. | १० जना | आवश्यकता अनुसार | |

ट) विपद् उद्धार

| सि.नं. | जिल्ला | खटाउने युनिट | खटिने स्थान | खटिने कमाण्डर | नफ्रि | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्युठान | आश्रित गुल्म प्युठान | जिम्मेवारी ईलाका | जु.अ./ सि.अ. | १० जना | आवश्यकता अनुसार | |

ठ) रिजर्भ

| सि.नं. | जिल्ला | खटाउने युनिट | खटिने स्थान | खटिने कमाण्डर | नफ्रि | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्युठान | आश्रित गुल्म प्युठान | जिम्मेवारी ईलाका (आश्रित गुल्म प्युठानमा रहने) | सि.अ. | १० जना | - | |

ड) अन्य डियुटी

| सि.नं. | जिल्ला | खटाउने युनिट | खटिने स्थान | खटिने कमाण्डर | नफ्रि | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्युठान | आश्रित गुल्म प्युठान | प्युठान न.पा.७ स्थित पुण्येखोला बखडी | जु.अ. | १० जना | १०:००-१८:०० बजे सम्म | दशैंको पूर्णिमामा लाग्ने मेला डिउटी |
| २ | प्युठान | आश्रित गुल्म प्युठान | प्युठान न.पा.७ स्थित डल्ले | जु.अ. | १० जना | १०:००-१८:०० बजे सम्म | भाईटिकाको दोस्रो दिन लाग्ने मेला डिउटी |
| ३ | प्युठान | आश्रित गुल्म प्युठान | प्युठान न.पा.२ चितिखोला | जु.अ. | १० जना | १०:००-१८:०० बजे सम्म | भाईटिकाको तेस्रो दिन लाग्ने मेला डिउटी |



प्रमुख जिल्ला अधिकारी

| ४ | प्युठान | आश्रित गुल्म प्युठान | प्युठान न.पा.२ पाठशाला | जि.प्र.का. | १० जना | १०:००-१८:०० बजे सम्म | भाईटिकाको चौथो दिन लाग्ने मेला डिउटी |
|---|---|---|---|---|---|---|---|
| ५ | प्युठान | आश्रित गुल्म, प्युठान | प्युठान न.पा.१० सारीबाङ्ग, ऐ.न.पा. १ खैरा ऐ.न.पा.२ वेलुवा | जु.अ./स.प्र.ब.ह. | ३×१०= ३० जना | १०:००-१८:०० बजे सम्म | तिहारको पूर्णिमाको दिन लाग्ने मेला डिउटी |

जम्मा परिचालन संख्या

| सि.नं. | जिल्ला | पिकेट | | चेकप्वाईन्ट | | क्यु.आर.टि | | | | आई.आर.टि | | | | एलआरपि | | विपद् उद्धार | | गस्ती | | | | हेल्थ डेक्स | | हेल्प डेक्स | | सादा पोशाक | | सीमा नाका | | सीमा पैदल गस्ती | | स्टेन्डबाई | | भिआईपि सुरक्षा | | अन्य सुरक्षा | | जम्मा कुल परिचालन | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | गाडी | | पैदल | | गाडी | | पैदल | | | | | | मोबाईल | | पैदल | | | | | | | | | | | | | | | | | |
| | | संख्या | नफ्रि | संख्या | नफ्रि | संख्या | नफ्रि | संख्या | नफ्रि | संख्या | नफ्रि | संख्या | नफ्रि | संख्या | नफ्रि | संख्या | नफ्रि | संख्या | नफ्रि | संख्या | नफ्रि | संख्या | नफ्रि | संख्या | नफ्रि | संख्या | नफ्रि | संख्या | नफ्रि | संख्या | नफ्रि | संख्या | नफ्रि | संख्या | नफ्रि | संख्या | नफ्रि | संख्या | नफ्रि |
| १ | प्युठान | २ | ६ | १ | १० | १ | १० | ० | ० | १ | ७ | ० | ० | २ | ३० | १ | १० | १ | ७ | १ | ५ | ० | ० | १ | ३ | १ | २ | ० | ० | ० | ० | १ | १० | १ | १० | ७ | ७० | २० | १८० |
| जम्मा | | २ | ६ | १ | १० | १ | १० | ० | ० | १ | ७ | ० | ० | २ | ३० | १ | १० | १ | ७ | १ | ५ | ० | ० | १ | ३ | १ | २ | ० | ० | ० | ० | १ | १० | १ | १० | ७ | ७० | २० | १८० |

## कार्ययोजना

| क्र.सं. | उद्देश्य | गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १. | महत्वपूर्ण प्रतिष्ठान र सरकारी कार्यालयहरूमा पिकेट तथा नियमित गस्ती बढाई चोरी लगायतका अपराधिक गतिविधि हुन नदिने, | १. सम्बन्धित प्रहरी इकाईको डिउटी अधिकृतले सरकारी कार्यालय कुरूवासँग नियमित सम्पर्क गरी इ्याल, ढोका, गेट बन्द गर्न तथा शंकास्पद गतिविधि भएको खण्डमा प्रहरीलाई जानकारी गराउन अनुरोध गर्ने,<br>२. महत्वपूर्ण प्रतिष्ठान र सरकारी कार्यालयलाई लक्षित गरी नियमित गस्ती गर्ने,<br>३. QRT परिचालन गर्ने, | १. जिल्ला प्रहरी कार्यालय, प्युठान तथा मातहत प्रहरी कार्यालयहरू | १. महत्वपूर्ण प्रतिष्ठान र सरकारी कार्यालयहरू |



प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | | ४. सरकारी कार्यालय बढी भएका क्षेत्रमा पिकेट राख्ने,<br>५. शंकास्पद व्यक्तिहरुको निगरानी गर्ने, छड्के चेकजाँच गर्ने तथा आवश्यकता अनुसार सादा पोशाकका प्रहरी परिचालन गर्ने। | | |
| २. | VVIP/VIP हरूको आवागमन तथा कार्यक्रमको प्रभावकारी सुरक्षा व्यवस्था मिलाउने, | १. VVIP/VIP को कार्यक्रमको पूर्व सुचना लिने (PA/PSO मार्फत)<br>२. कार्यक्रम स्थल, निवास स्थल र आवागमन मार्गको सुरक्षा व्यवस्था मिलाउने<br>३. आवश्यकता अनुसार स्कर्टिङको व्यवस्था गर्ने। | जिल्ला सुरक्षा समिति | १. राजनैतिक दलका नेता तथा कार्यकर्ताहरु<br>२. PA/PSO |
| ३. | बैंक तथा वित्तीय संस्था र सुनचाँदी पसल भएको क्षेत्रको सुरक्षा व्यवस्था थप मजबुद बनाउने, | १. बैंक तथा वित्तिय संस्थाका शाखा प्रमुख र सुनचाँदी व्यवसायीहरुसँग आवश्यक समन्वय गरी सुरक्षा बैठक राख्ने,<br>२. सम्बन्धित प्रहरी इकाईको डिउटी अधिकृतले सुरक्षा गार्डसँग नियमित सम्पर्क गरी चनाखो रहन, ATM तथा CCTV नियमित रूपमा अनुगमन गर्न र शंकास्पद गतिविधि भएको खण्डमा प्रहरीलाई जानकारी गराउन अनुरोध गर्ने,<br>३. बैंक तथा वित्तीय संस्था लक्षित गरी नियमित गस्ती गर्ने,<br>४. सुनचाँदी पसल बढी भएका क्षेत्रमा पिकेट राख्ने, सुनचाँदी व्यवसायीलाई Private Security राख्नको लागि अनुरोध गर्ने,<br>५. QRT परिचालन गर्ने,<br>६. शंकास्पद व्यक्तिहरुको निगरानी गर्ने, छड्के चेकजाँच गर्ने तथा आवश्यकता अनुसार सादा पोशाकका प्रहरी परिचालन गर्ने। | १. जिल्ला प्रहरी कार्यालय, प्युठान तथा मातहत प्रहरी कार्यालयहरू | १. बैंक तथा वित्तिय संस्था र सुनचाँदी व्यवसायीहरू |
| ४. | चाडपर्वको समयमा गाउँ घरहरुमा कोही नभएको मौका पारी हुने चोरी नियनत्रण गर्ने, | १. रातको समयमा मनासिव कारण नभई हिड्ने व्यक्तिलाई नियन्त्रणमा लिने,<br>२. चोरीमा संलग्न भई कारागारबाट छुटेका व्यक्तिलाई निगरानी गर्ने,<br>३. सादा पोशाकमा प्रहरी परिचालन गर्ने, एम्बुसिङ बढाउने,<br>४. प्युठान जिल्लामा भित्रिने नाँकाहरूमा विशेष चेकजाँचको व्यवस्था मिलाउने,<br>५. सञ्चार माध्यम, सामाजिक सञ्जाल, डिजिटल माध्यम र सामुदायिक | १. जिल्ला प्रहरी कार्यालय, प्युठान तथा मातहत प्रहरी कार्यालयहरू | १. स्थानीय सञ्चार माध्यम<br>२. सामुदायिक प्रहरी सेवा केन्द्र |

१९

प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | | प्रहरी मार्फत सुरक्षा सावधानीको बारेमा सचेतना फैलाउने। | | |
| ५. | नक्कली सामानलाई सक्कली हो भनि हुने ठगी नियन्त्रण गर्ने तथा Snatching नियन्त्रण गर्ने, | १. यस प्रकृतिको ठगी र Snatching कार्यमा संलग्न भई कारागारबाट छुटेकाहरूलाई निगरानी गर्ने,<br>२. सादा पोशाकमा प्रहरी परिचालन गर्ने, एम्बुसिङ बढाउने,<br>३. घटना भई हालेमा यथासीघ्र सम्पूर्ण प्रहरी डिउटीले चेक प्वाईन्ट राखी हुलिया बमोजिमका सवारी साधन तथा मानिस नियन्त्रणमा लिने,<br>४. प्युठान जिल्ला भित्रिने नाँकाहरूमा विशेष चेकजाँचको व्यवस्था मिलाउने,<br>५. सञ्चार माध्यम, सामाजिक सञ्जाल, डिजिटल माध्यम र सामुदायिक प्रहरी मार्फत सुरक्षा सावधानीको बारेमा सचेतना फैलाउने। | १. जिल्ला प्रहरी कार्यालय, प्युठान तथा मातहत प्रहरी कार्यालयहरू<br>२. जिल्ला ट्राफिक प्रहरी कार्यालय प्युठान | १. स्थानीय सञ्चार माध्यम<br>२. सामुदायिक प्रहरी सेवा केन्द्र |
| ६. | चाडपर्वको अवसर पारेर हुने जुवा, तास, लङ्गुर बुर्जा लगायतका गतिविधि नियन्त्रण गर्ने, | १. आम नागरिकबाट आउने सूचनालाई विश्लेषण गर्ने,<br>२. सादा पोशाकमा प्रहरी परिचालन गरी जुवा, तास, लङ्गुर बुर्जा खेलाउने र खेल्ने व्यक्तिहरूलाई नियन्त्रणमा लिने।<br>३. जुवा, तास, लङ्गुर बुर्जा खेलाउने र खेल्ने व्यक्तिहरूलाई कानून बमोजिम कारवाही गर्ने,<br>४. जुवातास नियन्त्रण गर्ने प्रयोजनको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, जिङ्गल बजाउने। | १. जिल्ला प्रहरी कार्यालय, प्युठान तथा मातहत प्रहरी कार्यालयहरू | १. समुदाय प्रहरी साझेदारीका विभिन्न समूह<br>२. आमा समूह, स्थानीय क्लव लगायत बिभिन्न सामाजिक संघ संस्था |
| ७. | पटकाजन्य विष्फोटक पदार्थको ओसार पसार, विक्रि वितरण नियन्त्रण गर्ने, | १. खबर संकलन गर्नको लागि विशेष टोली परिचालन गर्ने,<br>२. पटका जन्य विष्फोटक पदार्थको ओसार पसारमा संलग्न व्यक्तिहरूलाई कानून बमोजिम कारवाही गर्ने,<br>३. पटका जन्य विष्फोटक पदार्थका कारण हुन सक्ने जोखिम र कानून बमोजिम दण्डनीय रहेको विषयमा सचेतनामूलक सन्देश प्रवाह गर्ने, जिङ्गल बजाउने, | १. जिल्ला प्रहरी कार्यालय, प्युठान तथा मातहत प्रहरी कार्यालयहरू, | जिल्ला प्रशासन कार्यालय, प्युठान |
| ८. | अवैध मदिरा तथा लागू औषध | १. खबर संकलन गर्नको लागि विशेष टोली परिचालन गर्ने, | १. जिल्ला प्रहरी | १.स्थानिय निकाय |



प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | उत्पादन, ओसार पसार, विक्रि वितरण नियन्त्रण गर्ने, | २. अवैध मदिरा, लागू औषधको ओसार पसारमा संलग्न व्यक्तिहरूलाई कानून बमोजिम कारवाही गर्ने, | कार्यालय, प्युठान तथा मातहत प्रहरी कार्यालयहरू, | |
| ९. | चाडपर्वको मौकामा आर्थिक सहयोगको नाममा जबरजस्ति चन्दा संकलन तथा चिठ्ठा, उपहार कार्यक्रम हुन गर्न नदिने, | १. खबर संकलन गर्नको लागि विशेष टोली परिचालन गर्ने,<br>२. आम नागरिकबाट आउने सूचनालाई विश्लेषण गर्ने,<br>३. जबरजस्ती आर्थिक सहयोग माग गर्ने व्यक्ति/ समुह उपर कानून बमोजिम कारवाही गर्ने,<br>४. सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, जिङ्गल बजाउने। | १. जिल्ला प्रहरी कार्यालय, प्युठान तथा मातहत प्रहरी कार्यालयहरू | १. उद्योगी, व्यापारी व्यवसायी |
| १०. | खसी, बोका, च्याङ्ग्रा ओसार पसारमा कुनै व्यक्ति वा समुहको अनावश्यक प्रभाव हुन नदिने, | १. खसी, बोका, च्याङग्रा व्यापारी, ठेकेदारसँग सूचना संकलन गर्ने,<br>२. त्यस्ता ब्यक्ति/समूहलाई कानून बमोजिम कारवाही गर्ने। | १. जिल्ला प्रहरी कार्यालय, प्युठान तथा मातहत प्रहरी कार्यालयहरू | १. ठेकेदारहरू तथा व्यवसायीहरु |
| ११. | अपराध घट्न सक्ने संभावित स्थानहरू पहिचान गरी सोही अनुसार सुरक्षा व्यवस्था मिलाउने, | १. सम्भावित स्थानहरूमा सादा पोशाकको प्रहरीको टोली परिचालन गर्ने,<br>२. नियमित गस्ती तथा आवश्यकता अनुसार पिकेट खटाउने,<br>३. छड्के चेकजाँच गर्ने,<br>४. स्थानीय तहसँग समन्वय गरी सडक बत्ति तथा CCTV जडान गर्ने। | १. जिल्ला प्रहरी कार्यालय, प्युठान तथा मातहत प्रहरी कार्यालयहरू | १. स्थानीय तह<br>२. टोल सुधार समिति<br>३. स्थानीय क्लव |
| १२. | देउसी भैलो, सांस्कृतिक कार्यक्रम, धार्मिक मेला लगायतमा हुनसक्ने झै-झगडा, चोरी, लुटपाट, महिला तथा बालबालिका विरूद्ध हुने अपराधिक गतिविधि नियन्त्रण | १. देउसी भैलो, सांस्कृतिक कार्यक्रम, धार्मिक मेला हुने स्थानहरूमा सादा पोशाकको प्रहरीको टोली परिचालन गर्ने,<br>२. नियमित गस्ती, पिकेट खटाउने, छड्के चेकजाँच गर्ने,<br>३. अवान्छित गतिविधि गर्ने व्यक्तिहरूलाई पक्राउ गर्ने,<br>४. आयोजकसँग समन्वय गरी बत्ति तथा CCTV जडान गर्ने,<br>५. सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, जिङ्गल बजाउने,<br>६. देउसी भैलो खेल्ने समय निर्धारण गर्ने तथा जिल्ला प्रशासन | १. जिल्ला प्रहरी कार्यालय, प्युठान तथा मातहत प्रहरी कार्यालयहरू | १. सशस्त्र प्रहरी बल नेपाल, आश्रित गुल्म, प्युठान। |



प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | गर्ने, | कार्यालयबाट सुचना प्रकाशन गर्ने | | |
| १३. | चाडपर्वको समयमा फरार अपराधीहरू घर वतनमा आउन सक्ने सम्भावनालाई मध्यनजर गरी फरार अपराधी पक्राउ कार्यलाई तिब्रता दिने, | १. फरार व्यक्तिहरूको विवरण अद्यावधिक गरी स्थानीय प्रहरी इकाईलाई समेत उपलब्ध गराउने,<br>२. सादा पोशाकको प्रहरीको टोली परिचालन गर्ने,<br>३. जनप्रतिनिधि र स्थानीय व्यक्तिहरूसँग समन्वय गरी सूचना संकलन गर्ने। | १. जिल्ला प्रहरी कार्यालय, प्युठान , सूचना संकलन शाखा | १. जनप्रतिनिधि<br>२. आमा समुह, स्थानीय क्लव, स्थानिय बासिन्दाहरु |
| १४. | घटित अपराधको प्रभावकारी अनुसन्धान गर्ने, | १. QRT टोलीको परीचालन,<br>२. जिल्लाबाट बाहिरीने नाँकाहरूमा विशेष चेकजाँचको व्यवस्था मिलाउने,<br>३. सादा पोशाकको प्रहरी टोली परिचालन गर्ने,<br>४. स्थानीय व्यक्तिहरूसँग समन्वय गरी सूचना संकलन गर्ने। | १. जिल्ला प्रहरी कार्यालय, प्युठान तथा मातहत प्रहरी कार्यालयहरू | |
| १५. | यात्रुवाहक सवारीमा यात्रा गर्न सहज वातावरण बनाउन बसपार्क क्षेत्रमा यात्रु सहायता कक्ष स्थापना गरी यात्रुहरूलाई प्रत्यक्ष सेवा प्रदान गर्ने, | १. बसपार्क क्षेत्रमा यात्रु सहायता कक्ष स्थापना गर्ने,<br>२. सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, जिङ्गल बजाउने, | १. जिल्ला प्रहरी कार्यालय, प्युठान तथा मातहत प्रहरी कार्यालयहरू<br>२. जिल्ला ट्राफिक प्रहरी कार्यालय प्युठान | १. यातायात व्यवस्था कार्यालय,<br>२. बस ब्यबसायी समिति/ कम्पनीहरू |
| १६. | सवारी साधनको अभाव देखाई तोकिएको भन्दा बढी भाँडा लिने उपर कारवाही गर्ने, | १. बसपार्क क्षेत्रमा यात्रु सहायता कक्ष स्थापना गर्ने,<br>२. तोकिएको भन्दा बढी भाडा लिनेहरूलाई कानून बमोजिम कारवाही गर्ने,<br>३. सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, जिङ्गल बजाउने, | १. जिल्ला प्रहरी कार्यालय, प्युठान तथा मातहत प्रहरी कार्यालयहरू<br>२. जिल्ला ट्राफिक प्रहरी कार्यालय प्युठान | १. यातायात व्यवस्था कार्यालय,<br>२. बस ब्यबसायी समिति/ कम्पनीहरू |



प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| १७. | राजमार्गमा सञ्चालन हुने सवारी आवगमनलाई सहज र व्यवस्थित बनाउने, | १. राजमार्गमा प्रहरी पिकेट र गस्ती बढाउने,<br>२. सार्वजनिक यातायातमा प्रहरी पोशाक तथा सादा पोशाकमा प्रहरी कर्मचारी खटाई क्रस पट्रोलिङ गर्ने,<br>३. RSCC को अवधारणा अनुरूपको चेकजाँच गर्ने,<br>४. QRT परिचालन गर्ने, | १. जिल्ला प्रहरी कार्यालय, प्युठान तथा मातहत प्रहरी कार्यालयहरू<br>२. जिल्ला ट्राफिक प्रहरी कार्यालय प्युठान | १. यातायात व्यवस्था कार्यालय,<br>२. बस ब्यबसायी समिति/ कम्पनीहरू |
| १८. | राजमार्गमा सवारी साधन लुटपाट तथा चोरी डकैती हुनबाट यात्रुहरूलाई बचाउने। | १. बसपार्क क्षेत्रमा यात्रु सहायता कक्ष स्थापना गर्ने,<br>२. सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, जिङ्गल बजाउने,<br>३. राजमार्गमा प्रहरी पिकेट र गस्ती बढाउने,<br>४. सार्वजनिक यातायातमा प्रहरी पोशाक तथा सादा पोशाकमा प्रहरी कर्मचारी खटाई क्रस पट्रोलिङ गर्ने,<br>५. बिगतमा यस किसिमका गतिविधिमा संलग्न भएका व्यक्तिहरूलाई निगरानी गर्ने, संलग्न व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउने। | १. जिल्ला प्रहरी कार्यालय, प्युठान तथा मातहत प्रहरी कार्यालयहरू<br>२. जिल्ला ट्राफिक प्रहरी कार्यालय प्युठान<br>३. सशस्त्र प्रहरी बल नेपाल, आश्रित गुल्म, प्युठान। | १. यातायात व्यवस्था कार्यालय,<br>२. बस ब्यबसायी समिति/ कम्पनीहरू |
| १९. | मादक पदार्थ सेवन गरी सवारी चलाउने, क्यु फ्रीको कारण अत्याधिक गतिमा सवारी चलाउने, सवारी साधनको क्षमताभन्दा बढी यात्रु राखी सवारी चलाउने लगातयका कारण सवारी दुर्घटनाको जोखिम उच्च हुने भएकोले यस | १. बसपार्क क्षेत्रमा यात्रु सहायता कक्ष स्थापना गर्ने,<br>२. सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, जिङ्गल बजाउने,<br>३. राजमार्गमा प्रहरी पिकेट र गस्ती बढाउने,<br>४. ग्रामिण भेगमा जाने सडकखण्डमा छड्के चेकजाँच गर्ने,<br>५. सार्वजनिक यातायातमा प्रहरी पोशाक तथा सादा पोशाकमा प्रहरी कर्मचारी खटाई क्रस पट्रोलिङ गर्ने,<br>६. मादक पदार्थ सेवन गरी सवारी चलाउने व्यावसायिक चालकलाई (Professional Driver) कानून बमोजिम कारवाही गर्ने। | १. जिल्ला प्रहरी कार्यालय, प्युठान तथा मातहत प्रहरी कार्यालयहरू<br>२. जिल्ला ट्राफिक प्रहरी कार्यालय प्युठान | १. यातायात व्यवस्था कार्यालय,<br>२. बस ब्यबसायी समिति/ कम्पनीहरू |

| | | | | |
|---|---|---|---|---|
| | किसिमका गतिविधि नियन्त्रण र निस्तेज गर्ने, | | | |
| २०. | प्राकृतिक वा मानव सृजित समस्याका कारण हुनसक्ने लोकमार्ग अवरोधलाई समयमै उचित व्यवस्थापन गर्ने, | १. राजमार्गमा प्रहरी पिकेट र गस्ती बढाउने,<br>२. अन्य सुरक्षा निकाय, स्थानीय तह र समुदायसँग सहकार्य गरी राजमार्गको अवरोध हटाउने,<br>३. जिल्ला प्रशासन कार्यालय मार्फत स्थानीय तह र सडक डिभिजन कार्यालयलाई Heavy Equipment र चालकहरू तयारी अवस्थामा राख्नको लागि अनुरोध गर्ने र उक्त चालकहरूको विवरण ट्राफिक कन्ट्रोलले नियमित अपडेट गर्ने,<br>४. राजमार्ग अवरोध गर्ने व्यक्ति तथा समुहहरूलाई कानून बमोजिम कारवाही गर्ने। | १. जिल्ला ट्राफिक प्रहरी कार्यालय प्युठान<br>२. जिल्ला प्रशासन कार्यालय प्युठान<br>३. जिल्ला सुरक्षा समिति | १. स्थानीय तह,<br>२. सडक डिभिजन प्युठान<br>३. सडक पूर्वाधार विकास कार्यालय, प्युठान |
| २१. | सरोकारवाला निकायहरूसँगको समन्वयमा खाद्यान्नको कृतिम अभाव सिर्जना हुन नदिने, गुणस्तरहीन, अखाद्य तथा मिसावटयुक्त बस्तुहरु बिक्रि वितरणको अनुगमन, नियन्त्रण गर्ने | १. आम नागरिकबाट आउने सूचनालाई विश्लेषण गर्ने,<br>२. जनचेतनामूलक कार्यक्रम संचालन गर्ने<br>३. सरोकारवाला निकायसँग समन्वय गरी अनुगमनको व्यवस्था गर्ने,<br>४. आवश्यकता अनुसार सादा पोशाकमा प्रहरी परिचालन गर्ने,<br>५. कालो बजारी/नाफाखोरी गर्नेहरूलाई कानुन बमोजिम कारवाही गर्ने। | १. जिल्ला प्रशासन कार्यालय, प्युठान।<br>२. जिल्ला प्रहरी कार्यालय, प्युठान तथा मातहत प्रहरी कार्यालयहरू, | १. उपभोक्ता मन्च<br>२. बजार व्यबस्थापन ईकाई<br>३. उद्योग वाणिज्य संघ<br>४. अन्य व्यक्ति तथा संघ संस्थाहरु<br>५. सञ्चार माध्यामहरु |
| २२. | आन्तरिक तथा वाह्य पर्यटकहरूलाई पर्यटकमैत्री प्रहरी व्यवहार गर्ने तथा सुरक्षाको प्रत्याभुति दिलाउने, | १. QRT परिचालन गर्ने,<br>२. पर्यटकलाई हैरानी दिने सहयोगापेक्षी मानव तथा सडक बालबालिकालाई सरोकारवाला निकाय र संघ संस्थासँग समन्वय गरी उचित व्यवस्थापन गर्ने | १. जिल्ला प्रहरी कार्यालय, प्युठान तथा मातहत प्रहरी कार्यालयहरू, | स्थानीय तहहरु |

२४०००

प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| २३. | पर्यटकीय गन्तव्य र क्षेत्रहरूमा अतिवादी समूहबाट हुनसक्ने अवान्छित गतिविधि नियन्त्रण गर्ने, | १. पर्यटकीय क्षेत्रमा प्रहरी पिकेट र गस्ती बढाउने,<br>२. पर्यटकको भिडभाड हुने स्थानहरूमा सादा पोशाकको प्रहरी टोली परिचालन गर्ने,<br>३. अवान्छित गतिविधि गर्ने व्यक्तिहरूलाई पक्राउ गर्ने,<br>४. स्थानीय तह र पर्यटन व्यवसायीसँग समन्वय गरी सडक बत्ति तथा CCTV जडान गर्ने। | १. जिल्ला प्रहरी कार्यालय, प्युठान तथा मातहत प्रहरी कार्यालयहरू, | स्थानीय तहहरु |
| २४. | सुरक्षा सचेतना फैलाउने, | १. सञ्चार माध्यम, सामाजिक सञ्जाल मार्फत सचेतनामूलक सन्देश प्रवाह गर्ने,<br>२. यस जिल्ला अन्तर्गतका बजार क्षेत्रहरुमा रहेका डिजिटल बोर्डमा सचेतनामूलक सन्देश प्रदर्शन गर्ने,<br>३. पर्चा पम्पलेट वितरण गर्ने, जिङ्गल बजाउने,<br>४. समुदाय प्रहरी साझेदारी अन्तर्गत सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | १. सामुदायिक शाखा तथा सामुदायिक प्रहरी सेवा केन्द्र<br>२. जिल्ला सुरक्षा समिति | १. स्थानीय सञ्चार माध्यम, डिजिटल बोर्ड धनी |

**नोटः आवश्यकता अनुसार आफ्नो जिम्मेवारी क्षेत्रमा Joint Stand By Team गठन गरी आवश्यकता अनुसार सुरक्षाको लागि परिचालन गर्ने।**

प्रमुख जिल्ला अधिकारी